# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

१७. लिखितम् ल्हासा कुति केरु झोगा दिगर्चा वस्न्या तपसिल वमोजिमका १० पालाका थकालि वतिसकोटिका नेवार कस्मेरी महाजन गैह्र आगे गोर्षाको र भोटको लडाईं हुन्या वेवस्ता भयो. तसर्थ हामी गोर्षाका महाजन र तिमि ल्हासा भोट गैह्रका महाजनहरू र गुम्वामा रहि धर्म गर्न्या लामाहरू स्मेतले वाचा वाधि धर्म गर्छौं. क्याहो भन्या गोर्षाले ञाहा भोटमा आई लडाञी गर्‍याको दिन तिमी यहां भोटका महाजनहरू र गुम्वामा बस्न्या लामाहरूको जियेधनमा वितोल पर्‍यो भन्या हामी गोर्षाका महाजनहरूले श्रीगोर्षा श्रीप्राइममिनिष्टर साहेवका हजुरमा विन्ति गरि तिमी भोटका महाजन र लामाहरूको धनजिय थामि वचाई दिउंला. भोटले हामी गोर्षाका महाजन गैह्रको धनजियेमा वितोल पर्‍यो भन्या तिमी भोटका महाजन र गुम्वाका लामाहरूले भोट श्रीवडा अम्वा श्रीराजा लामाज्यू. श्रीचार काजिका हजुरमा विन्ति पारि वचाई देउ. इ कुरा हामी गोर्षाका महाजन गैह्रले गर्न सक्ये तौर. तिमी भोटका महाजन लामाका जीयधनमा. पर्‍यो भन्या. हामी गोर्षा महाजन गैह्रका जिम्मा भयो भनि श्री ल्हामचि भगवान् श्री छ्वास्कामनी श्री वौध श्री सिंभु श्री षोदा. श्री धर्मसाछि राखि धर्मपत्रले लेषिदिञ्यौं— १

ल्हासाको — — — —

| | | | |
|---|---|---|---|
| च्यानग्यापालाको थकाली | | काकिमा पालाको थकाली | |
| बेखा रत्न— | १ | सिलबन्न— | १ |
| घगस्या पालाको थकाली | | छुंसिग्या पालाको ऐं | |
| कीर्त्ती— | १ | हर्ष— | १ |
| वीर— | १ | नागझोला पालाको ऐ | |
| | | तेजवग सिं— | १ |
| घोडास्या पालाको ऐ | | लुहुस्यां पालाको ऐ | |
| गजसुंदर— | १ | भिमनरसिं— | १ |
| च्यांति पालाको ऐ— | १ | कुंपालाको ऐ वालकृस्न— | १ |
| ल्हाकं पालाका ऐ मानवीर— | १ | टौदुंस्या पालाको ऐ जानवीर— | १ |
| घिंसिरत्नेन पालाको ऐ | | गोमाधंस्या पालाको ऐ | |
| जैनर— | १ | सारंग— | १ |
| गघेस्या पालाको ऐ हरिनरसिं- | १ | पाटनको ऐ— | १ |
| असंपालाको ऐ भिमनारान— | १ | भादगाउंका थकाली— | १ |
| हवि दुल्लायान् कस्मेरि— | १ | छेंसेंको ऐ— | १ |
| महमद साह षनिवृकस्मेरि— | १ | असदुल्ला अंजन कस्मेरि- | १ |
| फक रुल्ला वेग कस्मेरि— | १ | अमिर मियां कस्मेरि— | १ |
| अकवरवट कस्मेरि— | १ | अहमतु कस्मेरि— | १ |
| अहमद हुसैन कस्मेरि— | १ | मिरअवदुल गनी कस्मेरि- | १ |
| समदुल्ला कस्मेरि— | १ | रजाक कस्मेरि— | १ |
| रहमदिन कस्मेरि— | १ | अवदुल्ला वावा कस्मेरि- | १ |

समद वावा कस्मेरि -- १

डिगर्चाको ----- ----- -----

फलेपालाको थकाली --१ जलालु दिन कस्मेरि-- १
अमिर साह् कस्मेरि - १ उमरजु कस्मेरि --- १

कुतिको थकाली गोविन्द ---- ---- १
केरुंको थकालि लक्षीमन् ---- ---- १
झोगाको थकालि मनिसुन्दर --- ---- १

यो लेखिया वमोजिमका मानिसले आपना-आपना नाउमा छाप सहि लायाको छ। ----- -----

माघवदि ८ रोज ५ मा

यस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्री कम्याण्डर कर्णेल षड्गवहादुर कुवर राणाजीवाट लेखि चह्राई पठायाको स्वास्नी मानिसहरूलाई महाभारत दक्षिण हेमालये उत्तर जान देउ वन्द भयाको वाटो नषोल्नु कोहि छलिढाचि भागि जान नपाउन भन्या ऐनको दस्षत पठाई वक्स्याको सो वमोजिम गौडा गौडा जिल्लाजिल्लामा उर्द्दि दिन्या काम गन्या तेस तरफ भोटमा चौरी भेदा गदाहा षचरहरू कति रहेछ. षसोषास तायेदान गरि रैतानको मुचुलका लेखि पठाई देउ भनि लेखि वक्स्याको दस्षत आइ पुग्ती मात्र मानिस पठाउन्या काम गन्या. तिनले जाचि तायदान गर्दा. भारि वोकन सकन्या जति ठहर्ला. मुचुल्का समेत हजुरमा चह्राई पठाउला लिस्तिमा रजुमलामा चाहिन्या रसद जाना. आड खलंगा. सवै तयार गरि सक्या ताहा तैंले र सवै कुरा ज्याहि साधि जवाफ गै कैह्ल तयार गर्लास. तसो म विस्तारि रहिछस. दुनीयाको आसे. वढिया रहेछ. अघि मधेसको रसद वोकाई.पछि गर्मिमा पाहाडको वोकाउन्या काम गर भनि लेखिवक्स्या का अर्थ. पाहाडको मात्र दरवन्दी लेखि आउदा र. मधेसको केहि लेषि नआउदा हजुरमा झिजो विन्ति चह्राई पठायाको. हो ज्याहाको ताकितिलाई र. मधेस पाहाडमा तैयारि गन्याकै छ. मधेमको रसदलाई काजि हेमदलसीं थाग्ग गयाका थिया. विजैपुरमा ज्मा गर्दैछन्. बिजैपुरवाट पनि आजसम्म रसद आउन्यै थियो सुवेदार अजप थापासंग धोक्रालाई टाप्देउभन्दा. ज्याहाको टाट सवै हेटौडा पठाउनु भनि श्री ठाहिला जनरल साहेव वाट लेषि आयाको छ भनि टाट् चाडो नदिदा आजसम्म ढिल भयाको हो. अवर धोक्रालाई टाट् ३ हजार दियेछ तेस्को ९ हजार धोक्रा हुन्छ. अरू पनि जो चाहिन्या. टाट् नीज सुवेदारसंग ली ढोक्रा तयार गरि अवा ५।७ दिन देषि विजैपुरवाट रसदका भारी चलन्याछ. वालुङ्चुमा. पनि षजाना गोदाम घर वनाई तयार भयो आड पनि वनाउन लागिरह्याछन् ज्याहापनि असवाफ षजाना वनाउनु पर्दा वनाई तयार हुन लाग्यो ५।७ दिनमा यो पनि वालुङ-चुङ चलाउन्या काम गर्छु फागुनका आधिसम्ममा मधेसको रसद गैह्र र ज्याहाका असवाफ षजानाहरू सवै वलाङ्चुङमा ज्मा होला ताहालाई मदत पुर्गैन भनि श्री सम्सेर दल पल्टन १ ज्मा इ चाहीन्या रैव-न्दी वमोजिम ज्याहिवाट भर्ना गरि वाकिरह्याको ताहि लेषि पठाउला र ताहा भर्ना गर्लास् यो पल्टनलाई कपतान्. कुमेदान सुवेदार वाहेक. १२ साल वैशाष वदि १ रोज देषि रैवन्दी वमोजिम षानगीमा मैन्हावारि जति दिनु पर्छ पल्लो किराट् कंपूका षेतको वालीले तलव वांदि दिनु भनि मर्जि आयो सिर चह्रायां अघिल्ला चिठीमा आधा-तहिं भर्नागनु भनि लेषि वक्स्याको हो. भोलिपल्ट सवै ज्याहि भर्ना गरि पठाउला भन्या मर्जि आया. तेस्मा गौडा कुटि मसित रहन्या २।४ धाक्र्या पगरिहरू ज्याहापनि छन्. इनहरूलाई केहि जगा राषि वक्स्या वुझाउन्या काम गर्दा हुँ जोमर्जि ताहा. रहन्या लस्करलाई वर्ष १ को चाहिन्या रसद पुऱ्याई ज्याहावाट कुटि केरुंको वाटो जान्या लस्कर डिगर्चा पुग्दा ज्याहावाट चौडि भेदाहरूलाई वोकाई डिगर्चामा रसद कतिसम्म पुऱ्याउन सकलास् तजवीज गरि लेषन्या काम गर भनि लेषि वक्स्या अर्थलाई. चौडी भेदा लुनु सिज्याल. गदाहा. षचरहरू जांचन गयाका मानिस आईपुग्यापछि भारि वोकन्या. चौडि भेदा सिंजाल. लुलु गडाहा षचरहरू ज्मा कति हुन्छन् तिनलाई वोकाई जतिसम्म पुऱ्याउनु सकन्या तजवीज ठहरला चौडी भेदाहरूको हाजिर पठाउंदा येस कुराको पनि अनजाम् गरि हजुरमा विन्ति चह्राई पठाउंला. तेस गौडालाई छ तोप लैजानु भन्या ठहऱ्यो. ताहा कति छ

कति पठाई दिनु पर्छ. लेषि पठाउन्या काम गर भनि लेषि वक्स्याका अर्थ ४ पंनीमा. तोप. ४ ज्ञाहा रहेछ येतिलाई चाहिन्या तोपपिछे जंगीगोला ३।३ सैर. गिराफ ३।३ सै. जगेरा धुरा तषना. पैञ्चा मैसराजाम स्मेत वनाई तयार भयाकोछ. अव ७ पंनिको १ ६ पंनिको १ ज्मा टोप २ र तेसलाई चाहिन्या गोल गिराफ मैसराजाम् गोलंदाज स्मेत पठाई वक्स्या वढिया होला केहि गरि हटिया च्यांटामा. भोट्याहरू आयो भन्या ति भोटलाई रसद नदिनु. गाउँमा आगो लगाई आफनु मालमत्ता ली वन पस्नु अन्यत्र सर्नु भनि दस्षत पठाई उर्दि दिनु भन्या र. हाम्रा इलाकाको वेपारी. महाजन. सिपाहिहरूलाई दोर्ज्येलिङ सुषिमका. अम्वलमा जान नदिनु भन्या दस्षत पठाई उर्दि दिन्या काम गऱ्या. मासिन्या भोटेनीहरू जना २ लाई मर्जि आया वमोजिम सिपाहिकासाथ लगाई माघ वदि ६ रोज४का दिन ञ्जाहावाट रवाना गरि पठायाकोछ. हजुरमा दाषिल हुनन् वेरामी चाहि र वालुङचुङमा छ घाउ साह्रो छ भन्छन्. नीको भयापछि लीलाम गराइ दिउला. मुकाम धनकुटा शुभम्——

षामभित्र

उप्रांत चोर भोटेहरू जना २ भाग्याभा १ जना तमोरमा वगि मऱ्याछन् १ जना पार लागि गयेछ. भन्याविस्तार अघि हजुरमा विन्ति चह्राई पठायाको हो. तेहि भाग्न्या चाहि चोर भोट्या हाम्रा इलाका मैवाषोलामा फेला पर्दा कपतान् भिमल आलेले पक्री ञ्जाहा पठाई दिएछ. नीज चोर भोटे भागि जांदा तिषत्रमा चोयवोसल छेदयाको घाउ साह्रो भै हिंडन शक्तैन झेलखानामा कैद भै रहेछ. येस चोर भोटेलाई कसो गर्न्या हो. मर्जि आया वमोजिम गरौंला शुभम्——

माघवदि १० रोज ७ मा

ताहापछि श्रीप्राइममिनिष्टरवाट श्रीकम्याण्डर कर्णैल कृष्नध्वकुवर राणाजीलाई लेखि गयाको हुमलाजानेवाटो वन्द नहुज्याल रसद हुमला पठाउन्या काम गऱ्याका थियौं भन्या र वाटो वंद भयापछि दुल्लु दैलेख जाजरकोटको रसद छिनासिममा जुमला अछाम वाजुरा वझां थखहराको रसद गल्फामा डोटि तरफको रसद वझांमा जगेरा वांधि राख्याका छौं वर्षामा अनाज पनि नपाइन्या. टाढाको रस्ता. वर्षामा. षोलानालाले पनि रोकन्या. हुनजालाकि भन्या वेहोराले छिनासिम. गल्फा. वझांमा जगेरा वाध्याका छौ भन्या विस्तारसमेत जो भयाको विस्तार लेखि षठाउन्या काम वढीया गऱ्याछौं दाङदेउषुरिमा ११ हजारको रसद ज्मा गर्नु भन्या कप्तान जवर कार्की.वाहाका भलाआदमी रयेतका नाउमा दस्षत भै आयाको रहेछ ११ हजारको रसद सल्यानामा वन्दोवस्त गऱ्याका छौं. तिरस्ताका गाउलाई. तिनका घरले वोकन्या गोदाममा कुपन गरिदिया. रसद पारि पुगिसकैनकि भन्याझै लाग्छ. मुलुकलाई १ मेरा नाउको १ दस्षतको मसौदा गरि चह्राई पठायाको छ. तजवीजले जो ठहर्छ भनि लेष्याका कुरालाई. तिमीले वढीया तजवीज गऱ्याका रह्याछौ. ताहावाट आयाका दस्षतमा छाप गरि. यसै चिठीमा षामि. दस्षत २ पठाई दियाका छन्. पुग्नन्. चैत्र महिनासम्म तिमीहरूलाई डेढ वर्षसम्मलाई खान पुग्न्या गरि वरावर रसद ज्मा गर्नु. पल्टनलाई पायिनम्वुका वषुदोचा तयार गर्नु भन्या उर्दि दिनु. ताराहांन सिकाउनु. वाटो खुल्यापछि वैशाष ज्येठमा सायेतको कागज र वढनु भन्या. हाम्रो चिठी नआउजीसंम. आफुलाई चाहिन्या रसद षजाना गैह्रको ताकितिगरि ज्मा गरि राषन्या काम गर्नु र पछि उस्का मुलुकमा पयेड दियापछि आफुलाई कोनै कुराको मुस्कील पर्न जान्दैन. सो वुझी चाहिन्या कुराको ताकिता गर्नु ञ्जाहावाट लेषि गया वमोजिम नाकला षारका ढेवालाई चिठी लेखन्या र चावलले नुन साटन्या कुरा वन्द गर्न्या र राजारजौटालाई उर्दि दिन्या काम वढीया गऱ्या छौ. हामीले रसद पल्टनलाई दिंदामा जो भाउ लियो. सो भाउ दिन्या हो जो मर्जि भनि लेख्याका कुरालाई रसद षरिदलाई. अघि पचास हजार रुपिञ्चा गयाका हुन्. ति रुपैयाका षरिदले ताहाका फौजलाई डेढ वर्षसम्मलाई रसद पुगि सकदछ भन्या दुनियालाई रसदको टंटा नगर्नु. तेहि षरिद गऱ्याको रसद दुनीयालाई झारा गरि वोकाउन्या काम गर्नु ति रुपियाका षरिदले डेढ वर्षलाई रसद पुगी सकदैन भन्या. ञ्जाहाका तजवीजका सर्वत्र मुलुकलाई भयाका रसदका वेहोराको. दस्षतका नकल पठायाकोछ. तिम्रा

तजवीजमा तेस तरफलाई तेहि तजवीज ठहर्छ. तापनि. अर्कै बेहोरा ठहर्छ तापनि तिम्रा तजवीजले गर्नु मंजुर छ. तिमीले अघि षरिद गर्दा क्या भाउले. षरिद गऱ्याका छौ. पछि क्या भाउमा षरिद गर्न्या छौ. अघिका षरिदिको र पछिका षरिदको. दुवै पटकका षरिदीको मेजामीलाई क्या भाउ ठहर्दछ. सो भाउमा दिन्या काम गर्नु. झारा गरि. वोकि ल्यायाका रसदमा ज्याला मजुरी कट्टा हुन्दैन. ताहादेषि कसर वढी जांदा. रसद झारालीले नपुगि ज्याला मजुरी लैजानु पऱ्यो भन्या ज्याला मजुरिको हिसाप कट्टा-गरि भाउ ठेकि दिन्या काम गर्नु शुभम्——

(क्रमशः)